# कोभिड १९ (कोरोना भाईरस) सम्बन्धमा राक्सिराङ्ग गाउँपालिकाको गतिविधिहरु

## २०७६/१२/२१

१) मिति २०७६/१०/२३ मा अध्यक्ष स्तरीय आकस्मिक बैठकबाट चमेरोको मासु नखान नखुवाउनको लागि स्थानीयलाई आव्हान गरिएको ।

२) मिति २०७६/१०/२५ मा नोबेल कोरना भाईरसको लक्षण तथा उक्त रोग संग सम्बन्धित प्रश्नोत्तर सहितको ब्यानर गाउँपालिका तथा मा.वि. र हरेक स्वास्थ्य संस्थामा राखिएको ।

३) मिति २०७६/१०/२९ देखि २०७६/११/०६ गतेसम्म गाउँपालिकामा नोबेल कोरना सम्बन्धि हेल्थ डेस्क संचालन गरि ११५ जना सेवा ग्राहीलाई स्वास्थ्य शिक्षा तथा परामर्श दिईएको ।

४) मिति २०७६/११/०४ गते सूर्योदय मा.वि. सरिखेतमा जनप्रतिनिधि/समाजसेवी/शिक्षक/मा.स्वा.से./विद्यार्थी नोबेल कोरोना भाईरस सम्बन्धि सचेतनामुलक कार्यक्रम डक्टर लगाएतका स्वास्थ्यकर्मीहरु मार्फत संचालन गरिएको ।

५) मिति २०७६/११/०५ गते राष्ट्रिय मा.वि. शिलिंगेमा जनप्रतिनिधि/समाजसेवी/शिक्षक/मा.स्वा.से./विद्यार्थी नोबेल कोरोना भाईरस सम्बन्धि सचेतनामुलक कार्यक्रम डक्टर लगाएतका स्वास्थ्यकर्मी मार्फत संचालन गरिएको र २०००/२००० थान पर्चा र ब्रोसर वितरण गरिएको ।

६) सूर्योदय मा.वि. सरिखेतमा र राष्ट्रिय मा.वि. शिलिंगेमा चितवन मेडिकल कलेजका MBBS अध्यनरत बिधार्थी मार्फत मास्क लगाउने सहि तरिका सिकाईएको ।

७) मिति २०७६/१०/२९ देखि २०७६/११/०६ गते सम्म गाउँपालिकामा नोबेल कोरना सम्बन्धि हेल्थ डेस्क संचालन गरि ११५ जना सेवाग्राहीलाई स्वास्थ्य शिक्षा तथा परामर्श दिईएको ।

८) मिति २०७६/१२/०९ गते कोरोना नियन्त्रणको लागि प्रदेश सभा सांसद श्री सन्त बहादुर चेपाङ्ग र श्री ओम घलानको उपस्थितिमा सर्वदलीय बैठक बसी निम्न निर्णयहरु गरिएको :

- मनहरी खोला नाकामा तत्काल हेल्थ डेस्क स्थापना गर्ने
- स्वास्थ्यकर्मीहरुलाई २४ सै घण्टा सेवा दिन निर्देशन दिने
- आवश्यक स्वास्थ्य सामग्रीहरु तत्काल खरिद गरि परिचालन गर्न निर्देशन दिने
- स्वास्थ्यकर्मीहरुलाई उपचारमा आवश्यक पर्ने ड्रेस (ppe set) खरिद गर्न निर्देशन दिने
- गाउँपालिका क्षेत्र भित्र क्वारेन्टाइन र आइसोलेशनको लागि उपयुक्त स्थान छनौट गरि आवश्यक व्यवस्था मिलाउने
- गाउँपालिका क्षेत्रका जनतालाई १५ दिन सम्म सार्वजनिक स्थलहरुमा उपस्थित नहुन वडाहरुलाई निर्देशन दिने
- खटिने स्वास्थ्यकर्मीहरुलाई नियमानुसार जोखिम भत्ता उपलब्ध गराउने
- उपरोक्त कार्य तत्काल गर्न गाउँपालिका स्वास्थ्य संयोजक विजय कुमार कापरिलाई निर्देशन दिने

९) मिति २०७६/१२/०९ गते कोरोना नियन्त्रणको लागि विपद व्यवस्थापन समितिको बैठक बसी निम्न निर्णयहरु गरिएको :

- शंकास्पद कोरोनाको बिरामीलाई एम्बुलेन्स निःशुल्क गर्ने तथा रु.५००० नगद उपचार खर्च दिने भनी निर्णय गरिएको ।
- कोरोना नियन्त्रण तथा रोकथामको लागि रु पच्चीस लाखको विपद व्यवस्थापन कोष (नं.०१८७००००००७१५२४) खडा गरिएको तथा आवश्यक सहयोगको लागि संघ संस्था तथा अन्य निकायलाई आव्हान गरिएको ।
- कोरोना नियन्त्रणको चैनपुर मनहरी कर केन्द्र तथा गाउँपालिका हेल्थ डेस्क संचालन गरि आवजतमा कडाई गरिएको ।
- कोरोना नियन्त्रणको चैनपुर मनहरी कर केन्द्र तथा गाउँपालिका हेल्थ डेस्क संचालन गरि आवजतमा कडाई गरिएको ।
- हेलिप्याडको लागि बोटबारी खेल मैदान वडा नं.५, सरिखेत खेल मैदान वडा नं.३, पितिचौर खेलमैदान वडा नं.९, ठुलो टोड्के वडा नं.८ मा आवश्यक व्यवस्था मिलाउने ।
- राक्सिराङ्ग स्वास्थ्यचौकी, चैनपुरमा २ बेडको क्वारेन्टाइनको व्यवस्था मिलाउने ।

१०)मिति २०७६/१२/१४ गते आवश्यक ppe set, senitizer, mask तथा अत्यावश्यक औषधि (नेपाल सरकारले तोकेको ३५ item) खरिद गरि स्वास्थ्य संस्थामा पुर्याईएको ।

११) मिति २०७६/१२/१६ गते देखि चेपाङ्ग, तामाङ्ग र नेपाली भाषामा कोभिड १९ सम्बन्धि संदेश बनाई टोल टोलमा माईकिंग सुरु गरिएको तथा मनहरी एफ.एम. मार्फत समेत सूचना प्रसारण गर्ने गरिएको ।

१२)मिति २०७६/१२/२० गते कोरोना नियन्त्रणको काँकडा जाने मूल बाटोमा पर्ने खरकण्डे हेल्थ डेस्क संचालन गरि आवजतमा कडाई गरिएको ।

१३)मिति २०७६/१२/२० गते वडा अध्यक्षहरु मार्फत सर्वसाधारणहरुलाई वितरणको लागि हरेक वडामा ४०० थान सर्जिकल मास्क, senitizer र आवश्यक साबुन पठाईएको ।

१४) मिति २०७६ /१२/२० गते राक्सिराङ्ग स्वास्थ्य चौकी मार्फत २४ घन्टे आकस्मिक स्वास्थ्य सेवा संचालन गर्ने निर्णय गरिएको |

१५) मिति २०७६/१२/२० गते दिउँसो २ बजे सम्म गाउँपालिका देखि संचालित तपशिल अनुसारको हेल्थ डेस्क मार्फत निगरानी तथा स्वास्थ्य शिक्षा प्रदान गरिएको सेवाग्राहीको संख्या :

- राक्सिराङ्ग कर कलेक्शन केन्द्र हेल्थ डेस्क (राक्सिराङ्ग-५ मनहरी खोला) :-७२४ जना
- थोप्लासी हेल्थ डेस्क(राक्सिराङ्ग-५ चैनपुर मनहरी सडक) :-३९२ जना
- राक्सिराङ्ग स्वास्थ्य चौकी हेल्थ डेस्क(राक्सिराङ्ग-५) :-२९० जना
- खरकण्डे हेल्थ डेस्क (राक्सिराङ्ग-६) :- ४३ जना

१६) मिति २०७६ /१२/२० गते दिउँसो २ बजे सम्म वैदेशिक रोजगारबाट आएका ७ जना व्यक्तिहरुको मनहरी स्वास्थ्य केन्द्रद्वारा संचालित ज्वरो क्लिनिकमा स्वास्थ्य परिक्षण गरिएकोमा मनहरी प्राथमिक स्वास्थ्य केन्द्रका मे.अ.डा .दिपेन्द्र पौडेल र मे.अ.डा.शरद प्रसाद दाहालका अनुसार नोबेल कोरोनाको शंका नरहेकोले सेल्फ होम क्वारेन्टाइनमा बस्ने सल्लाह साथ घर फिर्ता पठाईएको व्यहोरा जानकारी प्राप्त भएको :

१७) गाउँपालिकाद्वारा एकद्वार प्रणालीमा अध्यक्ष/उपाध्यक्ष/वडा अध्यक्ष मार्फत राहतको रुपमा अति विपन्न ज्यालादारीमा मजदुरी गर्ने नागरिकलाई खाद्यान्न वितरण गरिने निर्णय गरिएको |

१८)गाउँपालिकाको आधिकारिक वेबसाइट र फेसबुक पेज मार्फत सचेतनामुकल सन्देश सामग्रीहरु प्रसारण गर्ने गरिएको |